# अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )


# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ८ संख्या ३ प्रकाशन मितिः २०८२/०४/३०

**भाग-२**

**भीरकोट नगरपालिका**


## भीरकोट नगरपालिकाको घर अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०७८

## दोस्रो संशोधन, २०८२

**दोस्रो संशोधन मितिः२०८२/०४/२२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४२ तथा बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड (पहिलो संशोधन), २०७२ को बुँदा नं. ८ बमोजिम नगरपालिका स्थापना हुनु अगाडि नै निर्माण भएका घर तथा भवनहरूलाई अभिलेखीकरण गरी घर अभिलेखीकरणको निस्सा प्रदान गर्ने कार्यलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यबिधि जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस कार्यविधिको नाम **भीरकोट नगरपालिकाको घर अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०७८ दोस्रो संशोधन २०८२** रहेको छ । यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात नगर कार्यपालिकाले तोकेको अवधीभर मात्र लागु हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४" लाई सम्झनुपर्छ ।

(ख) "मापदण्ड" भन्नाले "बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड (पहिलो संशोधन समेत), २०७२" लाई सम्झनुपर्छ । सो शब्दले भवन सम्बन्धी अन्य प्रचलित मापदण्डहरू समेतलाई जनाउँदछ ।

(ग) "नगरपालिका" भन्नाले भीरकोट नगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "घर अभिलेखीकरण" भन्नाले ऐनको दफा ४२ तथा मापदण्डको बुंदा नं. ८ बमोजिम नगरपालिका स्थापना हुनु अगाडि निर्माण भईसकेका घर/भवनहरूको नगरपालिकामा अभिलेख राख्ने कार्यलाई सम्झनुपर्छ ।

(ङ) "पक्की घर" भन्नाले भवन ऐन, २०५५ को दफा ८ को खण्ड (क), (ख) र (ग) मा उल्लेख भए बमोजिम निर्माण भएका घर तथा भवनलाई सम्झनुपर्छ ।

(च) "कच्ची घर" भन्नाले भवन ऐन, २०५५ को दफा ८ को खण्ड (घ) मा उल्लेख भए बमोजिम निर्माण भएका घर तथा भवनलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भीरकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) "प्राविधिक" भन्नाले भीरकोट नगरपालिकाको घरनक्सा उपशाखामा कार्यरत प्राविधिक कर्मचारीहरूलाई सम्झनुपर्छ ।

(झ) "परामर्शदाता इन्जिनियर" भन्नाले मापदण्डले तोके बमोजिम नगरपालिकामा दर्ता भएका निजी परामर्शदाता प्राविधिकलाई सम्झनुपर्छ ।

(ञ) "अभिलेखीकरण दस्तुर" भन्नाले नगरपालिकाले तोके बमोजिमको दस्तुर सम्झनुपर्छ ।

३. <u>निवेदन दिनुपर्ने:</u> (१) नगरपालिका स्थापना हुनु अगाडि नै निर्माण भएका घर तथा भवनहरूको अभिलेखीकरण गरी पाउँ भनी सम्बन्धित घरधनीले अभिलेखीकरण प्रयोजनको लागि तोकिए बमोजिमका कागजातहरू, नगरपालिकामा दर्ता भएका परामर्शदाता इन्जिनियरको प्राविधिक प्रतिवेदन र घरको नक्सा सहित अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

४. <u>सूचना जारी गर्ने:</u> (१) नगरपालिकाको घर नक्सा उपशाखाले दफा ३ बमोजिम प्राप्त निवेदन रीतपूर्वकको भए नभएको जाँची दर्ता गर्नेछ । यसरी दर्ता गरीसके पश्चात नगरपालिकाले ऐनको दफा ३१ (क) अनुसार कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा १५ दिनको म्याद दिई सम्बन्धित संधियारलाई सन्धी सर्पन बारेको सूचना जारी गर्नेछ । सूचना बुझेको भर्पाई तथा सूचना टाँस मुचुल्का अनुसूची-३ बमोजिम हुनेछ।

५. <u>सर्जमिन मुचुल्का तथा प्राविधिक प्रतिवेदन</u>ः (१) दफा ४ बमोजिमको सूचनामा कसैको उजुरी नपरेमा उक्त म्याद सकिएको ७ दिन भित्र नगरपालिकाले खटाएको प्राविधिकले अनुसूची-४ बमोजिमको ढाँचामा सम्बन्धित वडाको वडाध्यक्षको रोहवरमा सर्जमिन मुचुल्का उठाउनेछ । उजुरी परेमा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) घर निर्माण भएको जग्गाको प्राविधिक प्रतिवेदन अनुसूची-५ बमोजिम तयार गरीनेछ।

६. **<u>घरको फिल्ड निरीक्षण तथा प्राविधिक प्रतिवेदनः</u>** (१) घर नक्सा उपशाखाका प्राविधिकले निर्माण भएको घरको निरीक्षण गरी अनुसूची-६ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ । पेश भएको निर्माण सम्पन्न घर/भवन नक्सा बमोजिम भए नभएको यकिन गरी नक्सा बमोजिम नभएको पाईएमा घरधनीलाई नक्सा सुधार गर्न लगाउनुपर्नेछ।

७. **<u>घर अभिलेखीकरण गरिएको निस्सा प्रदान गर्नेः</u>** (१) नगरपालिकाबाट दफा ५ र ६ बमोजिमको प्रक्रिया पुरा भईसके पश्चात सम्बन्धित घरधनीलाई देहाय बमोजिम हुने गरी अनुसूची-८ बमोजिमको ढाँचामा घर अभिलेखीकरण निस्सा प्रदान गरिनेछ ।

(क) तोकिए बमोजिमको अभिलेखीकरण दस्तुर तथा जरिवाना लिई घरधनीबाट सो घरको मापदण्ड पालना सम्बन्धमा अनुसूची-७ बमोजिमको ढाँचामा स्वःघोषणा गराई अनुसूची-८ बमोजिमको ढाँचामा अभिलेखीकरण गरिएको निस्सा प्रदान गर्ने ।

(ख) भवन/घर अभिलेखीकरण आवश्यक पर्ने घरधनीहरू सबैले कार्यविधि बमोजिम घर अभिलेखीकरण निस्सा प्राप्त गर्न सक्नेछन । घरको नक्सा आवश्यक नपर्ने कच्ची घरको अभिलेखीकरण निस्सा आवश्यक पर्ने प्रकृतिका घर तथा टहराहरूले नियामानुसार अनुसूची-९ बमोजिमको प्रमाणपत्र मात्र प्राप्त गर्न सक्नेछन्।

**<u>स्पष्टीकरणः</u>**

*यस कार्यविधि अन्तर्गत प्रदान गरिएका घर अभिलेखीकरण निस्साले सो भवन/घर नक्सा पासको प्रक्रियामा नआई नगरपालिका स्थापना हुनुपूर्व निर्माण भएका घरहरूको नगरपालिकामा अभिलेख राख्ने प्रयोजनका लागि मात्र भएको भन्ने बुझाउने छ । यसले प्रचलित कानुन तथा भवन निर्माण सम्बन्धी मापदण्ड एवम् आचारसंहिता बमोजिम नक्सा पास भएको वा निर्माण इजाजत प्रदान गरिएको मानिने छैन । नक्सा पासको प्रक्रियामा नआई पहिले नै बनिसकेका भवन/घरहरू वा स्वीकृत नक्सामा हेरफेर गरी निर्माण भएका भवन/घरहरू भएको कारणले सो घरहरूको कुनै भाग मापदण्ड भित्र नपरेको ठहरिन गएमा सो सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ। त्यस उपर नगरपालिकामा कुनै किसिमका उजुर वाजुर लाग्ने छैन र नगरपालिकाले ती उजुरी सम्बन्धमा कुनै कारवाही गर्ने छैन ।*

(२) यस कार्यविधि अन्तर्गतको घर अभिलेखीकरण प्रक्रिया सम्बन्धमा कुनै गुनासो भए नियमानुसार उजुरी गर्न सकिनेछ । प्राप्त उजुरी सम्बन्धमा ऐन बमोजिम गरिनेछ । यस कार्यविधि अन्तर्गत अभिलेखीकरण निस्सा लिँदा कुनै गलत जानकारी वा कागजात पेश गरेको ठहर भएमा सो अभिलेखीकरण निस्सा स्वतः खारेज हुनेछ।

८. **<u>अभिलेखीकरण सम्बन्धी दस्तुरः</u>** (१) यस कार्यविधि बमोजिम घर अभिलेखीकरण गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४२ (१) (घ) बमोजिम नगरपालिकाले तोकेको दस्तुरको तेब्बर दस्तुर र घर अभिलेखीकरण फाराम बापत रू. ५०० दस्तुर लिईनेछ ।

९. **<u>अभिलेखीकरण गरिएका भवन/घरको तला थप सम्बन्धी विशेष</u> व्यवस्थाः** अभिलेखीकरण भएका भवन/घरहरूको तला थप गर्न चाहाने सम्बन्धित घरधनीले स्ट्रक्चरल ईन्जिनियरबाट तयार गरिएको स्ट्रक्चर रिपोर्ट सहित नगरपालिकाको घर नक्सा उपशाखामा निवेदन दिनुपर्नेछ । प्राप्त निवेदनको आधारमा नगरपालिकाबाट खटिने

ईन्जिनियरले स्थलगत निरीक्षण तथा जाँच गरी प्राविधिक प्रतिवेदन पेश गरे पश्चात तला थप गर्ने वा नगर्ने सम्बन्धमा नगरपालिकाको कार्यालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

१०. **<u>निवेदन पेश गर्ने अवधीः</u>** (१) यो कार्यविधि अन्तर्गत घर अभिलेखिकरणको प्रक्रियामा आउन घरधनिले नगरपालिकाको कार्यालयमा रितपूर्वक निवेदन दिनुपर्नेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

मितिः २०८ /..../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
भीरकोट नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
बयरघारी, स्याङ्गजा ।

**विषयः पुरानो घरको अभिलेखीकरण सम्बन्धमा।**

प्रस्तुत बिषयमा मेरो/हाम्रो नाममा रहेको हाल भीरकोट नगरपालिका वडा नं. ..... ( साबिक..........................................) को कित्ता नं. .................र क्षेत्रफल ...........................................भएको जग्गामा बनेको, जम्मा क्षेत्रफल (घरको) ........................ बर्गफुट भएको, ....... तले आवासीय/व्यापारिक प्रयोजनको घर नक्सा पास प्रक्रियामा नआई मिति २०........................मा निर्माण सम्पन्न भइसकेकोले नियमानुसार अभिलेखीकरणको निस्सा प्रदान गरीदिनुहुन आवश्यक सबै कागजात सहित निवेदन गर्दछु/गर्दछौं ।

**संलग्न कागजातहरू**

१. घरधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि
३. नापी नक्सा
४. परामर्शदाता ईन्जिनियरबाट तयार पारिएको घरनक्सा
५. वडा कार्यालयको सिफारिस

निवेदक/निवेदकहरू:

नामः
भीरकोट नगरपालिका वडा नं.
सम्पर्क नं.

**अनुसूची-२**

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या: मितिः २०८ ।....।....

चलानी नं.:

**<u>संधियारको नाममा १५ दिने सूचना ।</u>**

भीरकोट नगरपालिका वडा नं. ...... बस्ने श्री ..............................................................ले भीरकोट नगरपालिका वार्ड नं.. ...... को साविक ..................................... वार्ड नं.. ................ कित्ता नं.. ............... क्षेत्रफल .................................................... को

पूर्वः

पश्चिमः

उत्तरः

दक्षिणः

यति चार किल्लाभित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको पहिले नै निर्माण भएको घरको अभिलेखीकरण प्रमाण पत्र पाऊँ भनी मिति ............................................................... मा निवेदन दिनुभएकोले सो बनेको घरको साँध सँधियार कोही कसैलाई पिरमर्का परेको भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस नगरपालिका कार्यालयमा उजुर वाजुर गर्नुहुन स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजीम यो सूचना प्रकाशन गरीएको छ । म्याद नाघी प्राप्त हुन आएका उजुरी उपर कुनै कारवाही गरिने छैन ।

**तपसिल**

१) घरको संरचनाको किसिमः ................................२) लम्बाई...................................

३) चौडाईः .............................. ४) भुँइ तलाको क्षेत्रफलः ..............................

५) उचाईः ......................... ६) तला संख्याः ...........................

घर नक्शा उपशाखा प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-३

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

**<u>सूचना बुझाएको भर्पाई तथा सूचना टाँस मुचुल्का</u>**

यस नगरपालिका वडा नं. ..... मा अवस्थित कित्ता नं. ..............र क्षेत्रफल ..........................मा भवन निर्माण गर्ने घरधनी श्री ......................................................................ले भवन निर्माण भएको घरको अभिलेखीकरण गर्ने प्रयोजनको सिलसिलामा यस नगरपालिका कार्यालयको च.नं. ............ मिति .........................................गते प्रकाशित १५ दिने संधी सर्पन बारेको सूचना घरधनीले संधियारलाई बुझाई एक प्रति सूचना हामीहरूको रोहबरमा निर्माण भएको घरको सबैले देख्ने ठाउँमा टाँस गरेको ठिक साँचो हो ।

१. पूर्व संधियार श्री.........................................दस्तखत...........
२. पश्चिम संधियार श्री......................................दस्तखत...........
३. उत्तर संधियार श्री........................................दस्तखत...........
४. दक्षिण संधियार श्री.......................................दस्तखत..........

साक्षीहरूः
१. श्री.................................... दस्तखत........
२. श्री.....................................दस्तखत.......
३. श्री......................................दस्तखत......

घरधनीः
श्री..........................................दस्तखत...........

उपर्युक्त सूचना संधियारहरूलाई बुझाई निर्माण स्थलमा टाँस गरी वडाको जानकारीका लागि १ प्रति सूचना बुझिलिएको हो ।

दस्तखत.......................
नामः
श्री.......................................................

| |
|---|
| वडाको छाप |

**जनप्रतिनिधी**

वार्ड नं.. ......का वडाध्यक्ष श्री ......................................................... दस्तखत ............

इति सम्वत् २०..... साल ................. महिना .................... गते रोज .................... शुभम् ।

## अनुसूची-४

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**<u>नगरपालिका स्थापनापूर्व निर्मित घरको अभिलेखीकरण प्रयोजनको सर्जमिन मुचुल्का</u>**

लिखितम् यस भीरकोटनगरपालिका वडा नं. ....... बस्ने श्री ...................................................... को साविक ......................... वडा नं.......... हाल भीरकोट नगरपालिका वडा नं................ को कि.नं............................ क्षेत्रफल ..............................को जग्गामा नगरपालिका स्थापनापूर्व निर्मित घरको अभिलेखीकरण गर्नको निमित्त दरखास्त पेश हुन आएकोमा सो घर बनेको जग्गा तथा सो घरको अभिलेखीकरण प्रयोजनको लागि सन्धी सर्पन बारेको १५ दिने सूचना प्रकाशित गर्दा कोही कसैको उजुरी नपरेकोले सर्जमिन मुचुल्का उठाउनुपर्ने भएकोमा सो घर बनेको जग्गाको साँध सँधीयार, छर छिमेकीलाई एक स्थानमा भेला गराई खटिई आउनुभएका डोर मार्फत सोधनी हुँदा तत्सम्बन्धमा व्यहोरा यो छ कि उक्त घरजग्गामा कोही कसैको खिचोला नभएको, कोही कसैलाई सन्धीसर्पन, पिरमर्का नपर्ने देखिएको हुँदा पेश गरेको घरको नक्सा सहितको अभिलेखीकरण गरी दिएमा फरक पर्ने छैन, यसमा लेखिएको व्यहोरा ठीक साँचो हो भनी यस मुचुल्कामा सहीछाप गरी खटिई आउनुभएका डोर मार्फत भीरकोट न.पा. कार्यालयमा चढायौं ।

साक्षीहरू

१) वार्ड नं.. ......बस्ने वर्ष ...........का श्री ...............................................दस्तखत..................
२) वार्ड नं.. .... बस्ने वर्ष ...........का श्री ................................................दस्तखत ................
३) वार्ड नं.. ......बस्ने वर्ष ..........का श्री ................................................दस्तखत .................

**साँध सँधीयार**

पूर्व तर्फः वर्ष ..........का श्री ..........................................................दस्तखत ................
पश्चिम तर्फः वर्ष .......... का श्री ..........................................................दस्तखत ................
उत्तर तर्फःवर्ष ..........का श्री ........................................................दस्तखत ................
दक्षिण तर्फःवर्ष .......का श्री ............................................................दस्तखत ...............

**सम्बन्धित घरधनी**

वडा नं.. .......बस्ने वर्ष ..........का श्री..................................................... दस्तखत ............

**रोहबर**

वार्ड नं.. ......का वडाध्यक्ष श्री ............................................................ दस्तखत ............
भीरकोट नगरपालिकाको घरनक्सा उपशाखामा कार्यरत प्राविधिक कर्मचारी श्री ........................ दस्तखत.....
इति सम्वत् २०..... साल .................. महिना ..................... गते रोज ..................... शुभम् ।

**अनुसूची-५**

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**प्राविधिक प्रतिवेदन**

भीरकोट नगरपालिकावडा नं. ........मा अवस्थित कित्ता नं. ....................................क्षेत्रफल......................................................मा नगरपालिका स्थापनापूर्व निर्मित घरको घरधनी श्री ................................................................... ले घर अभिलेखीकरण प्रयोजनको लागि पेश गरेको नक्सा सम्बन्धमा मिति ............................................मा स्थलगत निरीक्षण गरी देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु/छौं।

१. भू-उपयोग क्षेत्र(Ground Coverage) ......................................

२. निर्माण भएको स्थल सम्मको पुग्ने बाटोको अवस्था :

२.१ बाटोको किसिमः पिच ☐ ग्राभेल ☐ मोटर जाने ☐ कच्ची ☐ अन्य ☐

२.२ बाटोको चौडाईः.............................

३. निर्माण भएको भवनले सार्वजनिक स्थललाई बाधा पुऱ्याएको छ ☐ छैन ☐

४. खोला/खहरे/नदि/ताल/कुलो आदि नजिक भए सो देखिः

४.१ निर्मित भवनकोजग्गा सम्मको दुरी :..................................................

५. नापी नक्सा र फिल्डको आकार प्रकारः मिल्छ ☐ मिल्दैन ☐

६. प्राविधिक अन्य कुरा भए खुलाउने (भिरालो जग्गा, भौगर्भिक धाँजा आदि)

प्रतिवेदन पेश गर्ने प्राविधिकको नाम : ............................................................

पदः ..........................................

सहिः

मितिः......................................

## अनुसूची-६

(दफा ६ को उपदफा (१) संग सम्बन्धित)

**विषय : अभिलेखीकरण प्रयोजनको लागि प्राप्त निवेदन अनुसार घरनक्सा उपशाखाको फिल्ड प्रतिबेदन**

भीरकोट नगरपालिका वडा नं. ........ बस्ने श्री ..................................ले निजको नाममा रहेको साबिक .............................हाल यस नगरपालिका वडा ..... को कित्ता नं. .........................तथा क्षेत्रफल ..............................................भएको जग्गामा बनेको ........ तले घर नगरपालिका स्थापना हुनुभन्दा पहिले नै निर्माण सम्पन्न भएको भनी निजले मिति .......................................मा दर्ता नं. .................मार्फत निवेदन दिनु भएकोमा मैले मिति ..............................................मा घरको प्राविधिक चेक जांच गर्दा निम्न बमोजिम पाईएको प्रतिवेदन पेश गर्दछु ।

१. सडक अधिकार क्षेत्रको चौडाई .......................... २. छोड्नु पर्ने सेट ब्याक ................

३. सडक अधिकार पालनाः ☐ भएको ☐ नभएको

४. सेटब्याकः ☐ पुगेको ☐ नपुगेको

५. क्षेत्रफलः

भुइँ तला. ................................पहिलो तला ................................

दोस्रोतला...............................तेस्रो तला...............................

जम्मा क्षेत्रफलः ................................

६. पेश भएको नक्सा बमोजिम ☐ भएको ☐ नभएको

७. भवन सम्बन्धी न्यूनतम मापदण्डहरू पालना ☐ भएको ☐ नभएको

८. अन्य केहि भए खुलाउने ................................

**<u>प्रतिवेदन पेश गर्नेको:</u>**

नामः

पदः

सहीः

मितिः

**अनुसूची-७**

(दफा ७ को उपदफा (१) (क) संग सम्बन्धित)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
भीरकोट नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
बयरघारी, स्याङ्गजा ।

**विषयः- <u>स्वःघोषणा सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा मेरो नाममा रहेको साबिक ................................... गा.वि.स. वडा नं ........ हाल भीरकोट नगरपालिका वडा नं ................ को कित्ता नं ........................................................ को क्षेत्रफल ....................................... मा निर्माण भएको घर यस नगरपालिका घोषणा हुनुपूर्व निर्माण भएको र भवन ऐन, २०५५, स्थानीय सरकार संचालन ऐन, २०७४, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ (पहिलो संशोधन समेत)तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिमको मापदण्डभित्र परेको खण्डमा सडक निर्माण लगायतका अन्य पूर्वाधार निर्माण तथा बिस्तारको क्रममा आवश्यक परेमा जुनसुकै बखत हटाउन/भत्काउन मेरो मन्जुरी छ । माथि लेखिएको ब्यहोरा ठिक साँचो हो फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक
दस्तखत ............................

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

**अनुसूची-८**

(दफा ७ को उपदफा (१) (क) संग सम्बन्धित)

# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या: मितिः २०८ ।....।....

चलानी नं.:

## पक्की घर अभिलेखीकरण निस्सा

श्रीमान्/श्रीमती/सुश्री ..............................................................

ठेगानाः- भीरकोट नगरपालिका वडा नं. ........................................

महाशय,

१. तपाईंले साविक ................................................गा.वि.स. हाल भीरकोट नगरपालिका वडा नं. .... को कित्ता नं. ............................. क्षेत्रफल ................................ बराबरको ...... तले निम्न विवरण बमोजिमको पक्की संरचना निर्माण कार्य नगरपालिका स्थापना हुनुपूर्व मिति .................... मा सम्पन्न गर्नु भएकोले यस नगरपालिकामा तपाईको सम्पन्न संरचनाको अभिलेख खडा गरी यो अभिलेखीकरण निस्सा दिईएको छ ।

२. सम्बन्धित घर तथा जग्गाधनीको नाम, थर र वतन..................................

३. जग्गाको विवरण

साविक .................................... गा.वि.स. वडा नं........ हाल भीरकोट नगरपालिका वडा नं. ..............

टोल .................. कित्ता नं. .................... क्षेत्रफल .......................

४. जग्गाको चार किल्लाः

पुर्वमा...........................फिट आफ्नो जग्गापछि कित्ता नं. ............... संधियारको नाम............................

पश्चिममा ..........................फिट आफ्नो जग्गापछि कित्ता नं. ............... संधियारको नाम............................

उत्तरमा...........................फिट आफ्नो जग्गापछि कित्ता नं. ............... संधियारको नाम............................

दक्षिणमा...........................फिट आफ्नो जग्गापछि कित्ता नं. ............... संधियारको नाम............................

५. निर्माण सम्पन्न भएको .................... तले घरको विवरणः

६. घरको किसिम ..................

७. क्षेत्रफल

बेसमेण्ट .................. वर्ग फिट, भूँई तला .......................... वर्ग फिट ।

पहिलो तला.................. वर्ग फिट, दोस्रो तला .......................... वर्ग फिट ।

तेस्रो तला.................. वर्ग फिट, चौथो तला .......................... वर्ग फिट ।

८. घरको प्लिन्थको लम्बाई (सबै भन्दा बढी लम्बाई) ............... चौडाई (सबैभन्दा बढी चौडाई)..............

९. घरको प्लीन्थको लम्बाई माथि सबै भन्दा उचाईसम्मको उचाई.........................

१०. हाल भएको सडकको केन्द्र रेखाबाट छाड्नु पर्ने ...................

११. सेटव्याक.........................

१२. अन्य केही कुरा भए सो विवरण

| | | | |
|---|---|---|---|
| ......... | .................. | .................. | .............................. |
| अमिन | सब इन्जिनियर | इन्जिनियर | प्रमुख प्रशासकीय अधिकृत |

अनुसूची-९

(दफा ७ को उपदफा (१)(ख) संग सम्बन्धित)

# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या: मितिः२०८ ।.....।....

चलानी नं.:

## कच्ची घर अभिलेखीकरण निस्सा

श्रीमान्/श्रीमती/सुश्री .............................................................

ठेगानाः- भीरकोट नगरपालिका वडा नं. .................

महाशय,

तपाईंले साविक ......................गा.वि.स. हाल भीरकोट नगरपालिका वडा नं. .... को कित्ता नं. .............................. क्षेत्रफल ................... बराबरको ...... तले निम्न विवरण बमोजिमको कच्ची संरचना निर्माण कार्य नगरपालिका स्थापना हुनुपूर्व मिति .................... मा सम्पन्न गर्नु भएकोले यस नगरपालिकामा तपाईको सम्पन्न संरचनाको अभिलेख खडा गरी यो अभिलेखीकरण निस्सादिईएको छ ।

भवनको वर्गिकरण

क)		ख)		ग)		घ)

निर्माणको स्ट्रक्चरल सिस्टम.....................

घरको अभिलेखीकरणको लागि स्वीकृत क्षेत्रफल ..........................

| भवनको विवरण | लम्बाई | चौडाई | उचाई | क्षेत्रफल(वर्ग फिटमा) |
|---|---|---|---|---|
| भूमिगत तला | | | | |
| भूइतला | | | | |
| पहिलो तला | | | | |
| दोस्रो तला | | | | |
| तेस्रो तला | | | | |
| चौथो तला | | | | |
| पाँचौ तला | | | | |

### घर अभिलेखीकरण प्रमाण पत्र दिदाँ अपनाउने कार्यविधी

१. यो प्रमाण पत्रले घर नक्सा पास भनी कुनै पनि किसिममा जनाउने छैन, मात्र सो घर नगरपालिका पूर्व बनेको भएर सो घरको नगरपालिकामा घर अभिलेखीकरण गरिएको जनाइनेछ ।

२. सो अभिलेखीकरण भवन नगरपालिकामा कर लिएको क्षेत्र मात्र कायम गरिएको बुझिनेछ र आवश्यक परेको खण्डमा नगरपालिकाले सो मापदण्ड भित्र बनेको संरचनालाई हटाउन लगाउनेछ । हटाउने बेलामा निजले आफैले नै नगरपालिकाले तोकेको म्याद भित्र भत्काउनु पर्नेछ। अन्यथा नगरपालिकाले नै भत्काई लागेको खर्च असुल गर्नेछ ।

आज्ञाले,

(उदयबहादुर पराजुली)

प्रमुख प्रशासकीय अधिकृत